# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको
# चामल खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना
# दोस्रो पटक प्रकाशित मिति २०८०।०१।१७

**यस कम्पनीलाई तपशिलमा उल्लेख भए अनुसारको परिमाण, किसिम र निर्धारित गुणस्तर बमोजिमको चामल खरिद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्बर (PAN) ईजाजत प्राप्त ईच्छुक मिल, फर्म, संस्था वा कम्पनीबाट तपशिलका शर्तहरुको अधिनमा रहने गरी रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ।**

| क.सं. | चामल बुझाउने कार्यालय/स्थान | चामलको किसिम | परिमाण (क्वी.मा) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. फिर्ता नहुने गरी) |
|---|---|---|---|---|---|
| १ | शा. का.विरगंज | स्टिम जिरा मसिनो चामल | १२००० | २६,००,०००/- | १०,०००/- |
| २ | प्रा.का. काठमाण्डौ | अरुवा सोना मनसुली चामल | १०००० | १३,००,०००/- | १०,०००/- |
| ३ | प्रा.का. भैरहवा | अरुवा सोना मनसुली चामल | ५००० | ६,५०,०००/- | १०,०००/- |
| ४ | मु.शा.का.नेपालगंज | स्टिम जिरा मसिनो चामल | १०००० | २२,००,०००/- | १०,०००/- |
| ५ | प्रा.का.धनगढी | स्टिम जिरा मसिनो चामल | १०००० | २२,००,०००/- | १०,०००/- |
| ६ | प्रा.का.सुर्खेत | स्टिम जिरा मसिनो चामल | १३००० | २९,००,०००/- | १५,०००/- |
| | | मार्सी चामल | १०० | ६२,०००/- | |
| | | अरुवा सोना मनसुली चामल | ३००० | ३,९०,०००/- | |
| ७ | मु.शा.का., तुलसीपुर | अरुवा सोना मनसुली चामल | २००० | २,६०,०००/- | ५,०००/- |
| | | **जम्मा** | ६५१०० | | |

नोटः—

१ प्रधान कार्यालयको नेपाल बैंक लिमिटेडको बैंक खाता नं. ००२००१००५०२४२४००००००१ रहेको छ। बोलपत्रदाताले माथी उल्लेख भए बमोजिमको बिडबण्ड धरौटी रकम बापत नगदी भरपाइ वा कम्पनीको नेपाल बैंक लिमिटेड, धर्मपथ काठमाण्डौ स्थित चल्ती खाता नं. ००२००१००५०२४२४००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा कुनै (क) वर्गको वाणिज्य बैंकले श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय काठमाण्डौको नाममा जारी गरेको बोलपत्र पेश गर्ने अन्तिम मितिले ४ महिना अर्थात १२० दिन अवधी भएको नियमानुसार बैंक जमानीपत्र संलग्न गर्नुपर्नेछ।

२ यो सूचना प्रकाशित भएको मिति देखि कार्यालय समय भित्र सम्बन्धित कार्यालय(चामल बुझाउने कार्यालय) वा खरिद बिभाग (एकाई) प्रधान कार्यालयबाट मिति २०८०/०२/१६ गते सम्म बोलपत्र खरिद गरी सक्नु पर्नेछ।

३ मिति २०८०।०२।१७ गते दिनको १२:०० बजे भित्र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रधान कार्यालय खरिद बिभाग (एकाई) काठमाडौंमा बोलपत्र पेश गरी सक्नु पर्नेछ।पेश हुन आएका बोलपत्रहरु सोहि दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा प्रधान

कार्यालय काठमाडौंमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। बोलपत्र बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लेखित समयमा उक्त कार्य हुनेछ।

४ कम्पनीको आवश्यकतालाई हेरी कार्यालयमा बुझाउन माथि तोकिएको परिमाणमा थपघट गर्न सकिने छ। वोलपत्र पूर्ण वा आंशिक रुपले स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कम्पनीमा रहनेछ।

५ चामल खरिद/विक्री सम्वन्धि अन्य शर्तहरु बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

६ विद्युतीय संचार माध्यम Ebid अन्तर्गत www.bolpatra.gov.np/egp बाट आवश्यक प्रकृया पूरा गरी बोलपत्र पेश गर्न सकिनेछ ।सोको सक्कल कागजात (Hard Copy) यथाशिघ्र खरिद एकाई प्रधान कार्यालय काठमाडौंमा पेश गर्नु पर्नेछ ।

७ यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा निम्न ठेगानामा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ।

**प्रधान कार्यालय, खरिद एकाई, भद्रकाली प्लाजा, काठमाडौं फोन नं ०१४२५५८६५website:www.fmtc.org.np**